त्रैमासिक मुखपत्र

# मनका कुरा

Man Ka Kura

बुधबार, पुष १० गते २०८१, DEC 25 Wed 2024 पृष्ठ १,

**बालबिवाह न्युनिकरण र अन्त्यका लागि साँझा अभियान, मानव अधिकारमैत्री संस्कार निर्माणमा गरौं योगदान !**

## किशोर-किशोरीमा बढ्दो प्रविधि प्रयोग

# बैतडीमा प्रहरी र किशोरीबिच प्रविधि सुरक्षा सम्बन्धि अर्न्तक्रिया



तस्बिर : अर्न्तक्रिया कार्यक्रम पछि गरिएको सामुहिक फोटो सेशन

गौरब चन्द

**बैतडी-** बैतडी बढ्दो प्रविधिको प्रयोगले हुने साईबर अपराधबाट बच्ने उद्देश्य सहित प्रहरी र किशोरीहरुबिच प्रविधि सुरक्षा सम्बन्धि अर्न्तक्रिया कार्यक्रम गरि एको छ। दिलत समाज विकास मञ्चले कार्तिक ९ गते जिल्ला सदरमुकाम स्थित बिरेन्द्र मावि शाहिलेकमा उक्त कार्यक्रमको आयोजना गरिएको हो।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय, बैतडीका प्रमुख प्रहरी नायब उपरिक्षक मकेन्द्र मिश्रले बढ्दो प्रविधिको दुरुपयोगको सिकार विद्यालय उमेरका किशोर-किशोरीपनि हुने क्रम बढेकाले यस सम्बन्धि सचेत रहन आग्रह गरेका छन्।

कार्यक्रममा नेपाल बार एसोसिएशन बैतडीका अध्यक्ष हरिदत्‌ भट्टले विद्युतीय अपराध सम्बन्धि कानूनी व्यवस्था र अदालती प्रक्रियाका बारेमा जानकारी गर एका थिए।

बिरेन्द्र माविका प्रधानाध्यापक हर्कबहादुर चन्दले विद्याथीहरुले प्रविधिको प्रयोग सकारात्मक कुराका लागि गर्नुपर्ने बताउनुभयो। सकारात्मक प्रयाग गऱ्यो भने प्रविधिले धेरै कुरा सिकाउने तर नकारात्मक प्रयोगले समाजमा अपराधिक घटना बढ्ने उहाँको भनाई थियो।

दलित समाज विकास मञ्चका अध्यक्ष सरस्वती नेपालीको अध्यक्षतामा आयोजना गरिएको अर्न्तक्रिया कार्यक्रममा जिल्ला प्रहरी प्रमुख, कानून व्यवसायी, किशोर-किशोरी समुहका प्रतिनिधिहरु, विद्यालय नर्श, अधिकारकर्मि, सम्बन्धित शिक्षक, अस्पताल व्यवस्थापन समितिका अध्यक्ष, पत्रकार लगायत सरोकारवालाहरुको उपस्थिती रहेको थियो।

लैङ्गिक हिंसाकै अवसर पारेर उक्त अर्न्तक्रिया कार्यक्रम समेत गरिएको दलित समाज विकास मञ्च बैतडीद्वारा संचालित बालविवाह अन्त्यका लागि छिटो मिलन रोकथाम कार्यक्रमका कार्यक्रम संयोजक सुरेश सेरलाले बताउनुभयो।

**सामाजिक रुपान्तरण र अनियमितताको खबरदारीका लागि**

**मनका कुरा**

**पाठक वर्ग ...**

**आदरणीय पाठक महानुभावहरू दलित समाज विकास मंच बैतडी द्वार सञ्चालीत त्रैमासिक मुखपत्र मनका कुरा बैतडी जिलला सदरमुकम स्थीत गटीबाट नियमित प्रकाशन भैरहेको छ। यस पत्रिकामा तपाईका लेख, र चना, सुचना, सन्देश तथा समाचार उपलब्ध गराई सहयोग गरिदिन अनुरोध छ। साथै तपाईको गाउँठाउँमा भएका विकास निर्माण र अनियमिता बारे हामीलाई जानकारी गराउनुहोला। तपाईका जानकारीका आधारमा हामी समाचार बनाउनेछौं। समाजिक कार्यमा प्रोत्साहन र अनियमिततामा खबरदारी गर्ने जिम्मेवारी वहन गरौं।**

सम्पर्क :-९८४८९०३४२९

# यौन तथा प्रजनन् अधिकारबारे सिक्दै किशोर-किशोरी



मंकेश दयाल

**बैतडी-** यौन र प्रजनन स्वास्थ्य विश्वव्यापी अधिकारको एक महत्त्वपुर्ण तत्वका रुपमा स्थापित छ। जसलाई मानव अधिकार विश्वव्यापी घोषणा पत्र र अन्य मानव अधिकारका सम्मेलन, घोषणा तथा सहमतिहरूमा उल्लेख गरिएको छ। पछिल्लो समय दलित समाज विकास मंच बैतडीले पनि यहाँका किशोर-किशोरीहरुलाई यौन तथा प्रजनन अधिकार का बारेमा सचेत गराउदै आएको छ। जसअर्न्तगत पुष ८ गते बैतडीको मेलौली नगरपालिका वडा न २ र ३ मान यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्वन्धी अन्तरक्रिया कार्यक्रम गरिएको हो।

यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्वन्धी किशोर-किशोरीहरुसंग एक दिने अर्न्तक्रिया कार्यक्रम सम्पन्न गरिएको दलित समाज विकास मञ्च बैतडीका कार्यक्रम सयोजक सुरेश सेरालाले बताउनुभयो।

मञ्चले किशोर- किशोरी समूह हरुको जनचेतना अभिवद्धि गर्दै आएको मञ्चका कार्यक्रम संयोजक सुरेश सेरालाले बताउनुभयो।

मेलौली-२ स्थीत सलेना स्वास्थ्य चौकीमा यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्वन्धी अन्तक्रिया कार्यक्रम सम्पन्न भएको हो। कार्यक्रममा दुई वडाका ४ विद्यालयमा गठन भएका किशोर-किशोरी समुहरुको सहभागीता रहेको थियो। यसैगरी मञ्चकी कोषध्यक्ष ज्योती नेपालीले वडा न २ र ३ मा किशोर किशोरी समुहहरु गठन गरि जनचेतनामुलक कार्यक्रम गर्दै आएका बताउनुभयो।

## बाल अधिकार . गिता

-हरेक दिन झोला बोकी स्कुल पढ्न जान्छु
पढ्ने लेख्ने ज्ञानी बन्ने आफ्नो काम ठान्छु ।

छुट्टी भई घर पुग्दा डुबि सक्छ धाम
विद्याथी हु जान्ने छैन गर्न हल घाम छाम ।

-दिक्क लाग्छ सधैभरी घर-स्कुल गर्दा
खुट्टा गल्ने घरमुनिको ओरालोमा झर्दा ।

मनमा लाग्छ आज बिदा भए पनि हुन्थ्यो
हसखेल गरी रमाइलोमा दिन बिती जान्थ्यो ।

-यस्तै कुरा सोच्दा सोच्दै बिते धेरै दिन
कल्पना हो, सोचे जस्तो भइदिन्थ्यो किन

बिदाको दिन घर बस्दा साथी सम्झिएर
लागी हाल्ने त्यति बेला बोलाउँ चिच्याएर ।

*नन्दा भट्ट/भूमिराज किशोरकिशोरि समुह*

## हिंसा नगरौं : गीत

स्कुलमा पढ्ने बेला लाग्यो मुइ पछाडि
हिंसा बारे कुरा गर्छु अ हजुरका अगाडि ।

पानी मिठो मूलकै हुन्छ टाढा भएपनि,
महिला अघि आउनै पर्छ हिंसा सहेपनि ।

कोही नारी कोही पुरुष यो कस्तो समाज,
कति विभेद भैरहेछ को उठाँउछ आवज ।

हामि महिला सचेत भई बालबिवाह रोक्नुछ,
बालबिवाह अन्त्य गर्न कानुन ठोक्नु छ ।

धन होइझौ सम्पत्ती होइझौ बाटामा घर घर होइझौ, हिंसा सबै अन्त्य होइझौ कानून डर डर होइझौ ।

ममता टेलर/ भूमिराज किशोर किशोरि समूह

## महिला हिंसा रोकौं: गजल

महिला हिंसा अन्त्य गरी सबै एकजुट भई,
महिल गथि हिंशा हुदा आवन उठाए गई ।

महिला हिंसा अन्त्य गर्दा विरोध गर्नै पर्छ
हामि महिला सबै मिली अघी बढ्नैपर्छ

महिलाले कष्ट झेली काम काम गर्नु पर्छ,
उनिहरूले हिंशा सहि अघी बढ्नैपर्छ

महिला हिंसा हुनबाट सबैजना रोकौं
गाउँघर वरपर सबैजना जागौं ।

चाहाना टेलर/भूमिराज किशोर-किशोरी समुह

## हिंसा नगरौं: गजल

महिला जन्मे पराई घर पुरुष जन्मे बंस
समानताको खोजि गरि जोगाउँ सबै अंस

हामि महिला सचेत भई वालविवाह रोको
बालविवाह अन्त्य गर्न सबै जनता लागौं ।

धन होइझौ सम्पत्ती होइझौ बाटामा घर घर होइझौ, हिंसा सबै अन्त्य होइझौ कानून डर डर होइझौ ।

पूर्णिमा जोशी/भूमिराज किशोर किशोरि समूह

## महिला हिंसा

ठूला नेता नेपालमा कि गऱ्यो विकास
दलित, महिला अत्याचार गलत छ बिचार

कोही नारि केहि पुरुष कस्तो हो प्रकृती
घरबाटै हिंसा राक्ने बसाऔं संस्कृती

साथि भाई मिलि जुलि एकजुट बनी
गलत सामाज हटाऔं बुद्धिमानी बनी

सिसिर भट्ट/भूमिराज किशोर किशोरि समूह

## बाल बिवाह न्यूनिकरण : कबिता

छुवाछुत भेदभाव हटेर जाओस
स्वतन्त्रता मात्र हामीमाझ रहोस

विकृति हटाउने अमरै रहुन
सम्मान संग सबैवाची रहुन

हिंसा रहित हामी समाज बनाऊ
विकृती सारा हामीले हटाऊ

विकृतिपूर्ण समाजमा छ भने
विस्वास नगर्नु भगवान छन भन्ने

ज्ञानभन्दा ठूलो केहि हुदैन अरु
भुली अन्धविस्वास ज्ञान पाउँ वरू

बिनय पाण्डेय: कैलपालेश्वर किशोर-किशोरी समूह

## महिला हिंसा

अरु देशका नारीहरू पुगे चन्द्रमामा
हाम्रो देशका नारीहरू डुबे अन्धकारमा

कति नारी बलात्कृत भए यो हाम्रो देशमा
दोषीलाई सजाइ दिए कानूनको बेसमा

हाम्रो देशमा मात्रै किन नारीलाई हेला
आवाज उठाउन पर्छ हेला हुने बेला ।

कानून मात्रै बनेको छ लागु भाको छैन
यहि कुराले नारी सबै पिडा बोक्ने मनै

एकै रथका दुई पांग्रामा के फरक हुन्छ
यहि देशका नारीको मन सधैं किन रुन्छ ।

हत्या हिंसा गर्ने चलन झन्-झन् बढी राछ
नारीको ज्यान-जोबन हजुर पैसा मा गैराछ

*प्रबेसा चन्द/प्रितिपुर मावि लेक बैतडी*

## बाल बिवाह न्यूनिकरण : कबिता

बाल विवाह अन्त गारैं सबै एकजुट भई
सबैलाई बताइहालौ सचेत नागरिक भई ।

देशकै लागि मर्ने हामी देशकै लागी बाच्ने
बाल विवाह न्यूनिकरण देशकैलागी साच्ने

देशकाहौ सपना हामी बाल सर्जनाका डाली
बाल विवाह अन्त गरौं हामी यसै पाली

बाल विवाह गरिहाले देशको कानून लाग्छ ।
महिलाले सचेत भए यो त अन्तै भाग्छ

जनताले सचेत भई हिसा अन्त्य गरौं
बाल विवाह हटाउनलाई हातेमालो गरौं ।

*सिता टेलर:भूमिराज किशोर-किशोरी समूह*

## विभेद : कबिता

दलित हिंसा हट्याछैन के गरू कर्मले
हिंसा सहि बस्नुपर्छ यो मेरो कर्मले ।

बाल अधिकार रोकिएन के गरु कानुनले बाल विवाह रोक्ने आशा यु.एन.डि.पिले ॥

महिला हिंसा रोक्नुपर्छ यो मेरो नेपालमा जातीय भेदभाव रोकौं नयाँ नेपालमा

*भानदेब बडु:कैलपालेश्वर किशोर-किशोरी समूह*

# बाल विवाह रोक्न सरोकारवालासंग अर्न्तक्रिया



**सरस्ती मडै**

**मनका कुरा-** बैतडी जिल्लामा विद्यमान समस्याका रुपमा रहेको बाल विवाह अन्त्यका लागि सरोकारवालासंग अर्न्तक्रिया गरिएको छ । दलित विकास समाज मंच, बैतडीद्वारा संचालित बालविवाह अन्त्यका लागि छिटो मिलन रोकथाम परियोजना अन्तर्गग मंसिर ६ गते कार्यक्रम सम्पन्न हो । कार्यक्रममा उपस्थित सम्बन्धित सरोकारवालाहरुले बाल विवाह न्यूनिकरणका लागि सबै पक्षको भुमिका जरुरी रहेको बताएका छन् । धार्मिक अन्धविश्वास, चेतनाको अभाव, गरीबी र प्रविधिको दुरुपयोगका कारण पछिल्लो समय बालविवाहका घटना धेरै हुने गरेकाले यसको न्युनिकरणका लागि सबैपक्ष लाग्नुपर्ने जिल्ला अदालत, बैतडीका न्यायधीश तिर्थराज भट्टले बताउनुभयो ।

कार्यक्रममा इन्सेक प्रतिनिधि एवं पत्रकार नरी बडुले जिल्लामा बालविवाहको अवस्थाका बारेमा प्रस्तुतीकरण गरेका थिए । उहाँका अनुसार जिल्लामा बाल विवाह कति हुन्छ भन्ने एकीन तथ्याङ्क समेत राज्यसंग छैन् । सन् २०१४ मा बालिका दुलही होइनन् नामक अभियानले गरेको सर्वेक्षण अनुसार बैतडीमा ५९ दशमलब ५ प्रतिशत बालविवाह हुने गरेको छ ।

चालु आर्थिक वर्षमा जम्मा दुईवटा बालविवाहको मात्रै घटना दर्ता भई कानूनी प्रक्रियामा रहेको उहाँको भनाई छ । सामाजिक वैमनश्यताको डरले अधिकार कर्मिहरुले समेत बालविवाह रोकथामका लागि प्रभावकारी कदम चाल्न नसकेको उहाँको भनाई छ ।

कार्यक्रममा उपस्थित अन्य सरोकार-वालाहरुले समेत बालविवाह सम्बन्धिका कानूनको प्रभावकारी कार्यान्वय नभएको बताएका थिए । बालविवाहका बारेमा जनचेतनाको अभाव तथा कानुको बारेमा सबैलाई थाहा नहुँदा समेत समस्या हने गरेको नेपाल बार एसोसिएसनका अध्यक्ष हरी भट्टको भनाई छ ।

कार्यक्रमका अध्यक्ष एवं दलित समाज विकास मंच बैतडीका अध्यक्ष सरस्वती नेपालीले संस्थाले विभिन्न ठाउँमा किशोर(किशोरी संजालहरु निर्माण गरी उनिहरुमार्फत जनचेतनाका कार्यक्रमहरु गरिरहेको बताउनुभयो ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी, न्यायधीष, जिल्ला समुन्वय उपप्रमुख, कानुनव्यवसायी, राजनीतिक दलका प्रतिनिधि, किशोर(किशोरी, अधिकारकर्मि एवं विभिन्न सरकारी तथा गैर सरकारी निकायका प्रमुख एवं प्रतिनिधिहरुको उपस्थिती रहेको थियो ।

# लैङ्गिक हिंसा बिरुद्ध १६ दिने अभियान



**राधा बोहरा**

**मनका कुरा-**हरेक वर्ष लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान संचालन हुने गरेको छ। यस वर्ष पनि यो दिवस भव्यताका साथ मनाइएको छ ।

दलित समाज विकास मंच बैतडी लगायत जिल्लाका विभिन्न संघ संस्था तथा स्थानीय तहहरुले १६ दिने अभियान विभिन्न कार्यक्रमको आयोजना गरि मनाएका हुन् ।

यस वर्ष हिंसारहित समाज निर्माणको उद्देश्यसहित लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियान संचालन गरिएको हो । १० डिसेम्बरसम्म विश्वभर चलेको अभियान नेपालमा 'हामी सबैको प्रतिबद्धता, लैङ्गिक हिंसा अन्त्यको लागि ऐक्यबद्धता' भन्ने नाराका साथ मनाईएको हो ।

लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियानका बेला दलित समाज विकास मंचले पनि विभन्न संघ संस्थाहरुको समुन्वयमा तथा आफैले पनि विभिन्न कार्यक्रम आयोजना गरेको थियो ।

मंचले जिल्ला सदरमुकाम गढीस्थित शहीद दशरथचन्दको सहिल नजिक महिला हिंसा न्यूनिकरणका लागि दीप प्रज्वलन गरी सचेतना अभियान संचालन गरेको संस्थाका सचिव बलभद्र दयालले बताउनुभयो ।

महिला, बालबालिका तथा दलित अधिकार तथा समग्र मानव अधिकारको क्षेत्रमा जिल्लामा क्रियाशीले संस्थाले यस्ता सामाजिक आन्दोलहरुमा अग्रमोर्चामा रहेर अभियान संचालन गर्ने गरेको छ ।

## पुजा लुहारको कबिता

मैले कमाएको पनी तँ हुने रैछ
कसैको हात समाए पनी तँ नहुने रैछ
मेरो कपडाले मेरो चरित्रमा सवाल उठाउन हुने रैछ ।
बाबा मैले सामाजमा अली रमाए पनी तँ हुने रैछ ॥

केहि कुराको आशा नगर्नु पर्ने हुन्थ्यो
जीवन लाई तमासा नगर्नु पर्ने हुन्थ्यो
हात समाई गान्तव्यमा पुर्याउँदा ठिकथ्यो ।
अन्धोलाई संसार देखाउने बाचा नगर्नु पर्नेहुन्थ्यो ॥

शरीर विकास नहुदै शरीर सकिन्छ केही दुःख छैन
म सुत्केरी हुँदा मेरो स्वास निमोठीन्छ केही दुःख छैन
मैले बच्चा मै पेटमा बच्चा बोक्नु पारेको पिडा छ ।
भनिन्छ बुहारी सनीछ अलि जोखिम छ केही दुःख छैन ॥

गरियो आन्दोलन केही परिवर्तन भएन
नेताका महल बाहेक केही परिवर्तन भएन
प्रतेक चुनावमा घोषणा पत्र परिवर्तन भए ।
तर सरकारको कामचोर बनी केही परिवर्तन भएन ॥

सम्दी ज्वाइसाबको सम्मान गरेको हुँ छोरी पुण्य मिल्छ
समाजको अगाडि महान काम गरेको हुँ छोरी पुण्य मिल्छ
मैले जिल्लाको राजधानी समेत नदेख्दा यो उमेरमा ।
बा ले भन्छन कन्यादान गरेको हुँ छोरी पुण्य मिल्छ ॥

- जातीय तथा अन्य सामाजिक जन्य कसुर गरेमा अधित्तम् तीन महिना देखी ३बर्ष सम्म कैद र ५० हजार रुपया देखी २ लाख सम्म जरिवाना र सजाय हुने छ। - जातीय भेदभाव तथा अन्य सामाजिक छुवाछुत तथा भेदभाव गर्ने, उक्साउने व्यक्तिलाई मुख्य कसुरदार लाई हुने सजायको आधा सजाय हुनेछ। - सार्वजनिक पद धारण गरेको व्यक्तिले विभेदजन्य कार्य गरेमा निजलाई उल्लेखीत सजायमा ५० प्रतिशत थप सजाय हुने छ। - २० बर्ष पुरा नभई बिवाह नगरौंरनगराऔं। बालबिवाह गर्ने र गराउने लाई २ बर्ष सम्म कैद सजाय हुने व्यवस्था छ। घरेलुहिंसा गरेमा ३हजार देखी २५हजार सम्म जरि वाना वा दुवै सजाय हुने कानुनी व्यवस्था रहेको छ।

**सामाजिक विकास कार्यालय, बैतडीद्वारा जनहितमा जारी सन्देश**

# लैङ्गिक हिंसा मुक्त समाज निर्माण आजको आवश्यकता



अमृता भट्ट
विद्यालय नर्स/दशरथचन्द नगरपालिका, बैतडी

-विश्वमा करिब हरेक ३ मध्ये एक महिलाले शारीरिक अथवा मानरुसिक रुपमा हिंसामा परिरहेका हुन्छन् । यसले पनि बताउछ कि बिकराल समस्याका रुपमा रहेको महिला हिंसा न्युनिकरणका लागि हामी सबैले एकजुट भएर लाग्नु आवश्यक छ ।

महिला हिंसा अन्तका लागि हरेकले सचेत नागरिकको भुमिका निर्वाह गरि लाग्यो भने तत्काल पुर्ण रुपमा नभएपनि महिला हिंसा पक्कै पनि कम भएर जाने छ ।

हिंसा, हाम्रो घरबाटनै सुरु हुन्छ । त्यसकारण सबैले आफ्नो घरमा भएका महिलाहरुलाई सम्मान दिन सक्ने हो, शसक्त बनाउने हो भने विश्वबाटै महिला हिंसा अन्त हुन बेर लाग्दैन, किनकी घर, समाज, राष्ट्र मिलेरनै विश्व बनेको छ ।

त्यसका लागि हरेक आम नागरिक व्यक्ति, परिवार महिला हिंसा अन्त गर्ने कुरामा हृदयबाट पक्का हुनु जरुरी हुन्छ । सर्वप्रथम त हिंसा हुनैनदिनु उत्तम हो यदि हिंसा भइहालेमा हिंसा प्रभावितले गर्नुपर्छ । किशोरीलाई शिक्षा, चेतना र शसक्तीकरण गर्न सकियो भने उनिहरुले सहि र गलगको निर्णय गर्न सक्छन् , आवज उठाउन सक्छन र प्रतिवाद गर्न सक्षम हुन्छन् ।

त्यसैले यसतर्फ पनि सम्बन्धित निकाय तथा सरोकारवालाहरुको भुमिका आवश्यक छ । महिला हिंसाको जरो भनेको बेरोजगारी, आर्थिक एवं अन्य सम्पत्तीमा स्वमित्व नहुनु तथा जिवन निर्वाहका लागि अरुको भर पर्नु हो । त्यसैले महिलाहरुलाई रोजगारीसंज जोड्न सकियो भनेपनि हिंसा कम हुन्छ ।

उनिहरुलाई आर्थिक रुपमा सबल, र आत्मानिर्भर बनाउन सकियो भने उहिहरु हिंसा सहन बाध्य हुदैनन् । यसमा राज्यले ध्यान दिन जरुरी छ । यसका साथै महिला शसक्तीकरण मार्फत महिला हिंसा केहो ?, यसबाट कसरी बच्न्, न्यायिक निकाय, न्यायिक प्रक्रिया र नियम कानूनहरुको बारेमा समेत सचेतना अवश्यक छ ।

बालबालिकाहरु विषेशत: किशोरीहरुलाई व्यक्तिको असल व्यवहार र कुदृष्टीका बारेमा अवगत गराउनुपर्छ । जसले उनिहरुमा यौन हिंसा केहो भन्ने बारेमा ज्ञान प्राप्त हुन्छ । (good toch and bad touch) को बारेमा समेत उनिहरुलाई सचेत गर्नुपर्छ । महिला हिंसाको एउटा अर्को कारण मादकपदार्थको सेवन तथा दुर्वेशनहरु पनि हुन् । लागुपदार्थ दुर्वेशनहरुबाट समेत समाजलाई मुक्त गर्नुपर्ने आजको आवश्यकता हो । लैङ्गिक असमानता र भेदभाव, बैबाहिक कलह, पारिवारिक बिखण्डन तथा सौतेनी/रफड्केलो बाबुबाट महिला तथा किशोरीहरुमा हुने हिंसा जोखिमका साझा कारणहरु हुन् भन्नेकुरा अन्तर्राष्ट्रिय स्तरमा भएका अध्ययनहरुले पनि देखाएका छन् ।

विद्यमान विभेदकारी सामाजिक मूल्यमान्यताले समाजमा लैङ्गिक असमानता बढाउन र महिलाहरुलाई शक्तिहीन अवस्थामा पुर्‍याउन प्रत्यक्ष योगदान गर्दछ ।

साथै पुरुषबाट महिला तथा बालबालिका माथि हुने हिंसालाई समाजले स्वीकार गर्दछ भन्ने कुरा आम घटनाहरुले समेत पुष्टि गर्छ ।

महिलालाई उचित सम्मान, माया र सहअस्तित्व प्रदान गरी लैङ्गिक हिंसा मुक्त समाज निर्माण आजको अवश्यकता हो । यसमा सबै पक्ष लाग्न जरुरी छ ।

## दलित सामाजिक मञ्चको बहसमा ऐन कार्यान्वयनको मुद्दा

# संविधानले ग्यारेन्टि गरेका विषय कार्यान्वयन गर्न माग




तस्बिर : प्यानल डिस्कर्सनमा दलित समाज विकास मंचका अध्यक्ष सहित बहसकर्ता

**मनका कुरा-** दलित समाज विकास मञ्च, बैतडी लगायत अधिकार को क्षेत्रमा काम गर्ने विभिन्न संस्थाहरुको संयुक्त आयोजनामा धनगढीमा सम्पन्न दलित सामाजिक मंचको बहसमा दलित दलित शसक्तीकरण ऐन कार्यान्वयनको बहस चर्को रुपमा उठेको छ ।

पुष ९ गते आयोजना भएको बहसमा सहभागिहरुले २०७८ सालमा बनेको ऐन अझै कार्यान्वयन हुन नसकेकोमा चिन्ता व्यक्त गरेको थिए । कार्यक्रमको प्यान डिस्कर्शनमा रहेका दलित समाज विकास मंचका अध्यक्ष सरस्वती नेपालीले संविधानले ग्यारेन्टि गरेका विषय कार्यान्वयमा राज्यले भुमिका खेल्नुपर्ने धारण राख्भएको थियो । हरेक क्षेत्रमा दलित समुदायको अर्थपुर्ण सहभागिता आजको आवश्यकता भएकाले यसमा राज्य जिम्मेवार हुनुपर्ने उहाँको भनाई थियो ।

कार्यक्रममा सुदूरपश्चिम प्रदेश प्रमुख नजिर मियाँले छुवाछुत र विभेदमुक्त समाज बनाउन आवश्यक रहेको बताएका छन् । धनगढीमा सुरु भएको दलित सामाजिक मञ्चमा उनले विभेद र छुवाछुत अन्त्य नहुँदासम्म समाज र देशको विकास हुन नसक्ने बताएका हुन् ।

दलित समुदायका लागि संविधानमा पर्याप्त अधिकारहरू दिइएको भन्दै अधिकार कार्यान्वयनमा सबै जिम्मेवार बन्न आवश्यक भएको उहाँको भनाई थियो । उहाँले भन्नुभयो 'छुवाछुत र विभेद अन्त्य नहुँदासम्म मुलुकको विकास हुन सक्दैन,' प्रदेश प्रमुखले भने, 'छुवाछुत र विभेद अन्त्य गरेर प्रदेश र देशको विकास गर्नु तपाइ हाम्रो जिम्मेवारी हो ।'

प्रदेश सरकारका अन्तरिक मामिला तथा कानुन मन्त्री हिरा साकीले समाजमा पछिल्लो समय जातीय विभेद कम हुँदै गए पनि अझै अन्त्य भने हुन नसकेको बताए । उनले समाजलाई विभेदमुक्त बनाउनु पर्नेमा जोड दिएका थिए ।

छुवाछुत दण्डनीय रहेको भन्दै त्यस्तालाई कारबाही हुने समेत उनले बताए । सामाजिक विकासमन्त्री मेघराज खड्काले दलित अधिकार स्थापित गर्ने गरि कानुन निर्माणको तयारी भइरहेको बताउनुभयो ।

कार्यक्रममा पूर्वमन्त्री तथा प्रदेश सांसद लक्ष्मी विक, प्रदेश सभा सदस्य ललिता सुनार लगायतले विभेद र छुवाछुत अन्त्यका लागि सबै लाग्नु पर्ने बताएका थिए ।

त्यस्तै अम्बिका ताम्राकार, साबित्रा घिमिरे, प्रेम विक, देवी खनाल, खडकराज जोशी, राजु तिरुवा सविता सुनार, कृष्ण प्रसाद जैशी, ओमप्रकाश पुन लगायतले विभेदमुक्त समाज निर्माण गर्नुपर्नेमा जोड दिएका थिए ।

**जातीय विभेद र लैङ्गिक हिंसा र सामाजका हानीकारक प्रचलनहरूले हम्रो समाज, देश तथा विश्व विकासमा बाधा पुर्‍याएको हुन्छ । त्यसैले समाजका हानिकाराक प्रचलनहरूको जरैदेखि अन्त गरौं । सभ्य समाजको निर्माण गरौं ।**

**दलित समाज विकास मंच बैतडीद्वारा जनहितमा जारी सन्देश**

प्रकाशक : दलित समाज विकास मञ्च, बैतडी, अध्यक्ष : सरस्वती नेपाली, कार्यक्रम संयोजक : सुरेश सेरला, सम्पादक : नरी बडु, सल्लाहाकार : बलभद्र दयाल, कार्यालय: दशरथचन्द नगरपालिका- ४ गर्दी, बैतडी, सम्पर्क : ९८४८९०३४५९ इमेल : dsdfbaitadi@gmail.com